# माङसेबुङ गाउँपालिकाको संस्थागत रुपमा आर्थिक सहायता उपलब्ध गराउन बनेको मापदण्ड २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०६/१२

**प्रस्तावना:**

माङसेबुङ गाउँपालिकाभित्र सामाजिक, सांस्कृतिक, खेलकूद, कला तथा लोक कल्याणकारी कार्यमा क्रियाशील संघ संस्थाहरुलाई प्रोत्साहन गर्न बान्छनीय भएकोले गाउँसभाबाट तोकिएको शीर्षकबाट व्यय हुने गरी माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाले यो मापदण्ड बनाई गाउँपालिका क्षेत्रभरि लागू गरेको छ ।

१. **आर्थिक सहायाता** : कानून बमोजिम दर्ता भई माङसेबुङ गाउँपालिकालाई कार्यक्षेत्र बनाएर आफ्नै कोषबाट वर्षमा एक लाख रुपैयाँभन्दा बढीको जनहितकारी कार्यक्रम सञ्चालन गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने संस्थालाई गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार अधिकतम रु. २०,०००।- (बीस हजार रुपैयाँ मात्र) सम्म सहयोग उपलब्ध गराइनेछ ।

२. **आर्थिक सहायता प्राप्ति प्रक्रिया** : संस्थागत आर्थिक सहायता प्राप्त गर्न देहाय अनुसार प्रक्रिया पूरा गर्नु पर्नेछ :

(क) आर्थिक सहायता उपलब्ध गराइपाऊँ भन्ने विषयको निवेदन (बैंक खाता समेत खुलाई)

(ख) संस्थाको प्रोफायल/चालू आ. व. मा गरिएको कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन

(ग) नवीकरण सहित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) कर चुक्ता प्रमाणपत्र,

(ङ) अघिल्लो आ. व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

(च) माथिको 'क', 'ख', 'ग', 'घ' र 'ङ' बमोजिमको कागजात प्राप्त भएमा सो कागजातलाई प्रमुख प्रशासकीय अधिकृतले गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने र कार्यपालिकाको निर्णय अनुसारको रकम सम्बन्धित संस्थाको बैंक खातामा जम्मा गर्ने । संस्थागत रकम कुनै पनि व्यक्तिको व्यक्तिगत खातामा जम्मा गरिने छैन ।

(छ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाको पूर्वस्वीकृति नलिई गरिएको कार्यक्रमको रकम निकासा गरिने छैन ।

माङसेबुङ गाउँ कार्यपालिकाको कार्यालय

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत